# खेलकुद विकासका लागि अनुदान कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश, हेटौंडा, नेपाल

# खेलकुद विकासका लागि अनुदान कार्यविधि, २०८२

प्रस्तावनाः

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.ब. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "संघ संस्था क्लब तथा आयोजकलाई खेल आयोजना अनुदान" शिर्षकमा विनियोजित बजेट मितव्ययी, पारदर्शी, प्रभावकारी र सरल रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा (११) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "खेलकुद विकासका लागि अनुदान कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भए पश्चात लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "क्लब" भन्नाले खेलकुद क्लब सम्झनुपर्छ।

(ख) "खेल आयोजना" भन्नाले खेलकुद प्रतियोगिता, तालिम, प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना सम्झनुपर्छ।

(ग) "खेलकुद गतिविधि" भन्नाले खेलकुद प्रतियोगिता, तालिम, प्रशिक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता लगायतका गतिविधि सम्झनुपर्छ।

(घ) "खेलाडी" भन्नाले खेलकुद क्षेत्रमा संलग्न व्यक्ति सम्झनुपर्छ।

(ङ) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद् सम्झनुपर्छ।

(च) "प्रतिष्ठान" भन्नाले खेलकुद गतिविधि गर्ने प्रतिष्ठान सम्झनुपर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले खेलकुद विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(झ) "सदस्य" भन्नाले परिषद्का सदस्य सम्झनुपर्छ।

(ञ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले प्रदेश खेलकुद विकास ऐन तथा नियमावली बमोजिम गठन हुने जिल्ला खेलकुद विकास समिति सम्झनुपर्छ।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

## परिच्छेद-२

## उद्देश्य

३. <u>कार्यविधिको उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) खेलकुद कार्यक्रमका लागि प्रदान गरिने अनुदानलाई पारदर्शी, मितव्ययी, प्रभावकारी तथा व्यवस्थित बनाउने,

(ख) अनुदानमार्फत खेलकुद विकासका गतिविधिलाई चलायमान बनाउँदै खेल संस्कृतिको विकास गर्ने,

(ग) खेलकुदको विकासका लागि योगदान पुऱ्याउने खेलाडी, प्राविधिक तथा खेल गतिविधि सञ्चालन गर्ने संघ संस्थाहरूलाई सहयोग गर्ने।

(घ) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन प्रदेशभित्रका खेलाडीलाई अब्बल र सशक्तिकरण गर्ने आदि।

## परिच्छेद-३

## छनोट सम्बन्धी शर्त र आधार

४. <u>छनोट हुने संघसंस्थाः</u> यस कार्यविधि बमोजिम अनुदान प्रदान गर्दा खेलकुद विकास एवं प्रवर्धनसँग सम्वन्धित देहायका संघ, संस्थालाई प्रदान गरिनेछ :-

(क) क्लब

(ख) संस्था

(ग) प्रतिष्ठान

(घ) खेलकुदसँग सम्बन्धित तालिम तथा प्रशिक्षण

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता वा कार्यक्रममा प्रदेशको प्रतिनिधित्व गर्ने संस्था समेत।

५. <u>छनोटका आधारः</u> (१) संघ, संस्था छनोटका आधार देहाय बमोजिम हुनेछन्:-

(क) संघ, संस्था, प्रतिष्ठानले पेश गरेको प्रस्तावना पत्र।

(ख) खेल क्षेत्रमा खेलाडी उत्पादन, प्रशिक्षण, प्रतियोगिता सञ्चालन मार्फत खेल संस्कृतिको विकासमा योगदान पुऱ्याएका खेल सरोकारवाला संघ संस्थाहरू सम्बन्धित संघ संस्थाको विधान बमोजिम हुनुपर्नेछ।

(ग) गत विगत वर्षमा प्राप्त अनुदान रकमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा आकर्षक पुरस्कारको रकम सहित पदक प्राप्त गर्ने संघ-संस्था, प्रतिष्ठानलाई प्रतियोगिताको निरन्तरताका लागि अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(घ) प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सम्मानजनक प्रतिभा प्रदर्शन गरि पदक प्राप्त गरेर प्रदेशको गरिमा र प्रतिष्ठा बढाउन योगदान गर्ने संस्था तथा खेलाडीलाई प्राथमिकता दिईनेछ।

(ङ) माथि उल्लेखित खेल सम्वद्ध सरोकारवाला निकायले प्रतियोगिता सञ्चालनमा जम्मा यथार्थ खर्चको कम्तिमा बीस प्रतिशत आर्थिक दायित्व बहन गर्नुपर्नेछ।

बलराम ढकाल
प्रदेश सचिव

६. <u>छनोट तथा मुल्याङ्कन समितिः</u>

(१) खेलाडी, क्लब, संघ-संस्था, प्रतिष्ठान, तालिम प्रशिक्षण तथा सेमिनार प्रदायकले पेश गरेको कागजात, प्रस्तावना-पत्र लगायत अन्य कागजातको विश्लेषण गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्ने देहाय बमोजिमको एक छनोट तथा मुल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सदस्य-सचिव, परिषद् | -संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) | तालिम, प्रतियोगिता तथा खेलकुद शाखा प्रमुख, परिषद् | - सदस्य |
| (घ) | संयोजकले तोकेको दुई जना खेल विज्ञ | - सदस्य |
| (ङ) | आर्थिक शाखा प्रमुख, परिषद् | - सदस्य |
| (च) | कार्यालय प्रमुख, परिषद् | - सदस्य-सचिव |

(२) छनोट समितिको बैठक आवश्यकता अनुसार बस्ने र नियमानुसारको सेवा सुविधा पाउनेछ।

(३) संघ संस्थालाई अनुदान रकम उपलब्ध गराउँदा देहायको मुल्याङ्कनका आधारमा संघ संस्था छनोट गरिनेछ।

(क) प्रदेशको प्राथमिकताको खेल (ख) प्रतियोगिताको स्तर (ग) प्रतियोगिताको अवधि
(घ) पुरस्कार राशी (ङ) सहभागी टिम (च) खेलाडी उत्पादन

७. <u>आवश्यक कागजातः</u> अनुदान माग गर्ने संघ संस्थाले देहायका कागजात पेश गर्नुपर्नेछ।

(क) अनुसुची-१ बमोजिमको निवेदन, अनुसुची-२ बमोजिमको प्रस्तावना पत्र,
(ख) क्लब/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्र, पान (पिएएन) दर्ताको प्रमाणपत्र,
(ग) प्रतियोगिता आयोजना गर्ने बैठकको निर्णय तथा स्वीकृत खर्च विवरण,
(घ) गत आ.व. को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,
(ङ) सम्बन्धित संघ-संस्था, प्रतिष्ठानको अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

८. <u>अनुदान रकमः</u> अनुदान रकम देहाय बमोजिमका आधारमा प्रदान गरिनेछः-

१. प्रदेश खेलकुद विकास नियमावली, २०७६ मा प्राथमिकताको खेलको सूचीमा रहेका खेलको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको हकमा बढीमा रू. २० लाखसम्म।
२. अन्य खेलकुद प्रतियोगिताको हकमा बढीमा रू. १५ लाखसम्म।
३. तालिम, प्रशिक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिताका लागि बढिमा रू. ५ लाखसम्म।
४. अनुदान उपलब्ध गराउँदा संघ/प्रदेश/स्थानीय तहसँग दोहोरो नपर्ने गरी अनुदान रकम दिनुपर्नेछ। दोहोरो सुविधा लिएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ।
५. अघिल्लो आर्थिक वर्षहरुमा समेत विभिन्न शीर्षकमा अनुदान/सहयोग/प्रोत्साहन रकम लिएका संस्था/क्लबलाई पटक पटक अनुदान/सहयोग/प्रोत्साहन उपलब्ध गराइने छैन।
तर वार्षिक रुपमा प्रतिस्पर्धात्मक खेलकुद आयोजना गर्ने खेलकुद संघ संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला ...
मन्त्री
... तथा खेलकुद मन्त्रालय
... प्रदेश

परिच्छेद-४

अनुदान व्यवस्थापन

९. **अनुदान खर्च प्रक्रियाः** अनुदान प्रदान गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

१. छनौट भएका संघ-संस्था, क्लब, प्रतिष्ठान, तालिम प्रशिक्षण तथा सेमिनार प्रदायकले परिषद्सँग विभिन्न शर्त तथा प्रतिबद्धता सहितको अनुदान सम्झौता गर्नुपर्नेछ।

२. अनुदान रकम सम्बन्धित अनुदानग्राहीको खातामा कार्यक्रम सम्पन्न प्रतिवेदन प्राप्त भएपछि शोधभर्ना गरिनेछ।

३. सम्झौता बमोजिम कार्यक्रम सञ्चालन बापत बढिमा ५० प्रतिशतसम्म रकम पेश्की बापत उपलब्ध गराउन सकिनेछ।

४. खेलकुद गतिविधिको आयोजना तथा प्रतियोगितामा सहभागिताको क्रममा भएका आर्थिक कारोबारको प्रतिलिपि, बिल भरपाई, खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च निकासा एकिन गरेपश्चात अनुदान रकम शोधभर्ना गरिनेछ।

५. अनुदान रकमको लेखापरीक्षण नियमानुसार हुनेछ।

परिच्छेद-५

विविध

१०. **अनुगमन गरी निर्देशन दिन सक्नेः**

(१) खेलकुद गतिविधिको आयोजना, सञ्चालन तथा सहभागिताका सिलसिलामा मन्त्रालय र परिषद्ले आवश्यकता हेरी कार्यक्रम स्थलमा स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीले अनुसूची-३, बमोजिम प्रतिवेदन दिनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीले नियमानुसार सेवा सुविधा प्राप्त गर्नेछन्।

(३) अनुगमन तथा प्रशासनिक खर्चका लागि अनुदान रकमको दश प्रतिशतसम्मको रकम विनियोजन गर्न सकिनेछ।

११. **प्रतिवेदन पेश गर्नुपर्नेः** सम्बन्धित अनुदानग्राहीले कार्यक्रम सम्पन्न भएको प्रतिवेदन अनिवार्यरूपमा भुक्तानी माग दावी गर्ने समयमा पेश गर्नुपर्नेछ। कार्यक्रमका स्पष्ट देखिने फोटोहरू तथा भिडियो समेत प्रतिवेदनसाथ पेश गर्नुपर्नेछ।

१२. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेखित प्रावधान यस कार्यविधि बमोजिम हुने र अन्य प्रावधान प्रचलित कानुन बोमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित प्रावधान प्रचलित कानूनसँग बाझिएको हदसम्म प्रचलित कानून बमोजिम र अन्य प्रावधानको हकमा यस कार्यविधि बमोजिम हुनेछ।

१३. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. **कार्यविधिमा संशोधनः** यस कार्यविधिको कुनै दफा वा उपदफामा उल्लेखित कुनै प्रावधान संशोधन गर्न परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रालयले गर्नेछ।

<u>अनुसूची-१</u>

मितिः ..........................

श्रीमान् सदस्य-सचिवज्यू
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा।

विषयः <u>अनुदान रकम सम्बन्धमा</u> ।

"खेलकुद विकासका लागि अनुदान कार्यविधि,२०८२" बमोजिम तपसिलमा उल्लेख भए बमोजिमको खेलकुद तालिम/प्रतियोगिता/सहभागिताका लागि यसै साथ संलग्न प्रस्तावना पत्र बमोजिम कार्यक्रम गर्नुपर्ने भएकोले आवश्यक रकम सहयोग/अनुदान स्वरूप उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

<u>तपसिलः</u>
व्यक्ति वा संस्थाको पुरा नामः
कार्यक्रम/ प्रतियोगिताको नामः
अनुदान आवश्यकताको कारणः
कार्यक्रम संचालन वा सहभागिताको समयावधिः

निवेदन साथ संलग्न कागजातः

१. ..........................
२. ..........................
३. .......................

<u>निवेदक</u>
हस्ताक्षरः ....................................
नाम थरः ....................................
पदः ..............................
सम्बन्धित निकायको नामः.............
आधिकारिक छापः........

बलराम ढकाल

<u>अनुसूची-२</u>

प्रस्तावना-पत्रको ढाँचा

१. कार्यक्रम वा प्रतियोगिताको नामः

२. प्रस्तावित कार्यक्रम/ प्रतियोगिता वा सहभागिताको विस्तृत विवरणः

३. कार्यक्रमको उद्देश्यः

४. लक्षित समूहः

५. सञ्चालन गरिने क्रियाकलापहरूको विवरणः

६. कार्यक्रम/सहभागिता अवधिः

७. अनुमानित लागत अनुमान

क. स्थानीय तहबाट प्राप्त हुने रकमः

ख. साझेदार संस्थाहरूबाट प्राप्त हुने रकमः

ग. व्यक्ति वा संस्थाको आफ्नो लगानीः

घ. परिषद्बाट माग रकम विवरणः (Break down सहित)

ङ. अन्य निकाय वा दाताबाट प्राप्त हुने रकमः

बलराम ढकाल
प्रदेश सचिव

अनुसूची-३

प्रतिवेदनको ढाँचा

.......................... को प्रतिवेदन

१. पृष्ठभूमिः ........................................................................................................

........................................................................................................................

२. अनुगमन टोली प्रमुखः ...............................पद..................कार्यालय...................

३. अनुगमन अवधिः ......................... देखि .........................

४. अनुगमनको उदेश्यः (१)

(२)

(३)

५. अनुगमनबाट देखिएको मुख्य मुख्य व्यहोराः

(१)

(२)

(३)

६. दिएका सुझावहरू तथा निर्देशन :

(१)

(२)

(३)

७. सिकाइ तथा उपलब्धिः

८. अनुगमन पुष्टि गर्ने संलग्न कागजातको विवरणः

(१)

(२)

(३)

९. अनुगमन गर्ने पदाधिकारीहरुः

| क्र.स. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |